**कहाँबाट सहयोग लिने**

**मूख्य जानकारी र हामीसँग कसरी सम्पर्क गर्ने**

कोरोनाभाइरसबारे पछिल्लो जानकारी र एशफर्ड बोरो काउन्सिलका सेवाहरु विभिन्न प्रकारकाले कसरी प्रदान गरिँदैछन् वा तपाईंलाई थप सहयोग आवश्यक छ भने हाम्रो वेबसाइटको सम्बन्धित (डेडिकेटेड) खण्डमा जानुहोस् - www.ashford.gov.uk/coronavirus

तपाई इमेलमार्फत पनि सम्पर्कमा रहन सक्नुहुन्छः

सामान्य जिज्ञासाहरुका लागि इमेल customer.care@ashford.gov.uk

कोरोनाभाइरससँग सम्बन्धित जिज्ञासाहरुका लागि इमेल help@ashford.gov.uk

यदि तपाईंसँग कम्प्युटर छैन भने तपाईंले हामीलाई ०१२३३ ३३११११ मा फोन गरेर ४ छान्नु पर्नेहुन्छ ।

**हाम्रा सेवाहरुमा अवरोध**

कोरोनाभाइरसले हाम्रा केही महत्वपूर्ण सेवाहरुलाई प्रभावित बनाएको छ तर तपाईंले हाम्रा सेवामा आएका पछिल्ला परिवर्तनहरुबारे निम्न वेबसाइटबाट थाहा पाउन सक्नुहुन्छः

www.ashford.gov.uk/coronavirus-service-disruption

**के तपाईं सहायताको आवश्यकता भएको कुनै व्यक्ति वा परिवार हुनुहुन्छ ?**

हाम्रो वेबसाइटको विशेष (डेडिकेटेड) खण्डमा निम्नलिखित सुझावहरु छन्:

- सुरक्षित रहने र होहल्लाबाट टाढा रहने
- आफ्नो मानसिक र शारिरीक स्वास्थ्यको हेरविचार गर्ने
- कमजोर बासिन्दाहरुका लागि सुझाव
- बालबालिकाका लागि सहायता
- घरेलु दुर्व्यवहारमा सहायता
- आर्थिक सुझाव

वेबसाइटमा हेर्नुहोस्: www.ashford.gov.uk/coronavirus-looking-after-yourself

**खाद्य आपूर्ति**

धेरै स्थानीय व्यवसायीहरुले अहिले ग्रोसरी, तयारी खाना र घरपालुवाका लागि खानालगायत तपाईंका अन्य आवश्यक किनमेलका लागि घरमै आपूर्ति सेवा दिइरहेका छन् । आफ्नो क्षेत्रको सप्लायर (आपूर्तिकर्ता) खोज्न निम्न वेबसाइटमा जानुहोस्:

www.ashford.gov.uk/food-and-essential-supplies

**के तपाईं सामुदायिक समूह वा स्वयंसेवक हुनुहुन्छ र संलग्न हुन चाहनुहुन्छ ?**

सामुदायिक समूहहरुः

यदि तपाईं हामीले तपाईंको कामलाई हाम्रो वेबसाइटमा प्रबर्द्धन गरौं भन्ने चाहनुहुन्छ भने कृपया तलको लिंकमा गई सम्बन्धित फारम भर्नुहोस् ता कि हामीले तपाईं, तपाईंका कृयाकलाप र सम्पर्क विवरणहरु आफ्नो वेबसाइटमा सूचिकृत गर्न सकौं ।

व्यक्तिगत स्वयंसेवकहरु:

यदि तपाईं स्वयंसेवा गर्न चाहनुहुन्छ भने तपाईंले हाम्रो वेबसाइटमा भर्नुपर्ने एउटा फारम छ । त्यसपछि एशफर्ड भलुन्टिअर सेन्टरले तपाईंलाई सम्पर्क गरी तपाईंले आफ्नो क्षेत्रमा सहभागी हुन र सम्पर्क गर्न मिल्ने सम्भाव्य स्वयंसेवक समूहहरुको जानकारी दिनेछ ।

वेबसाइटमा जानुहोस्: www.ashford.gov.uk/coronavirus-help-for-the-community

**के तपाईं व्यवसायी हुनुहुन्छ ?**

हाम्रो व्यवसायी खण्डमा तपाईंले निम्न कुराहरु पाउनुहुनेछ:

- व्यवसायिक दरहरुको ग्रान्टका लागि आवेदन दिने फारम कसरी भर्ने
- व्यवसायिक सहायता नीतिहरु (रोजगारी कायम राख्ने रणनीति, साना व्यवसायिक ग्रान्ट, भ्याट स्थगन, बैंकको सहायता तथा अन्यलगायत) का बारेमा जानकारी ।
- व्यवसायीहरुका लागि सरकारको पछिल्लो मार्गदर्शनका लिंकहरु
- सामान्य प्रश्नहरुका बारेमा जानकारी र सोध्न सकिने प्रश्नहरु

वेबसाइटमा जानुहोस्: www.ashford.gov.uk/coronavirus-advice-for-businesses

**सरकारको सुझाव**

कोरोनाभाइरस महामारीको बारेमा पछिल्लो आधिकारिक सुझावका लागि जानुहोस्:

युके सरकारको वेबसाइट: https://www.gov.uk/coronavirus

एनएचएस: https://www.nhs.uk/conditions/coronavirus-covid-19/

**दान अपिल**

कोरोनाभाइरस फैलिएर प्रभावित समुदायहरुलाई सहयोग गर्नका लागि एशफर्ड बोरो काउन्सिलको आफ्नै स्वयंसेवा आकस्मिक प्रत्यूतर अपिल (Voluntary Emergency Response Appeal - VERA भेरा) छ । यो कोषले समस्याको यो समयमा स्थानिय मानिसहरुलाई सहयोग गर्ने लक्ष्य लिएको छ । संकलन गरिएको हरेक रकम यो असहज समयमा स्थानीय तवरमै हाम्रा बासिन्दाहरुका लागि खर्च गरिनेछ ।

वेबसाइटमा जानुहोस्: www.ashford.gov.uk/donate